# सर्वोच्च अदालत संयुक्त इजलास
## सम्माननीय प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.
## माननीय न्यायाधीश डा. श्री कुमार चुडाल
## आदेश
## ०७५-WO-१२३५

विषयः **उत्प्रेषण, परमादेश समेत**।

लेवनानको कानुन बमोजिम संस्थापित 9th Floor, Vanrise Bldg., Hazmieh Highway, Beirut, Lebanon मा रजिष्टर्ड कार्यालय रहेको Vanrise Solutions S.A.L, (Offshore) को तर्फबाट अ.प्रा. अधिवक्ता कैलाश पाण्डेको वा एशोदा कुमारी पाण्डे.................................... १ निवेदक

विरुद्ध

नेपाल दुरसञ्चार प्राधिकरण, कमलादी, काठमाण्डौं..................................................१ विपक्षी

नेपालको संविधानको धारा ४६ तथा १३३ (२) बमोजिम यसै अदालतको अधिकार क्षेत्र भित्र पर्ने भै दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार छः

नेपाल दुरसञ्चार प्राधिकरणले "The Design, Development, Supply, Installation of Hardware and Software and Providing Operation and Management of International Telecommunications Traffic Monitoring/ Measurement and Anti Fraud System" (TERAMOCS) का लागि परामर्शदाता आवश्यक भएको भनी मिति २०७४।०६।२० (तदनुसार अक्टोवर ६, २०१७) मा खुल्ला रुपमा सार्वजनिक सूचना मार्फत अन्तराष्ट्रिय स्तरमा आशयपत्र (Express of Interest for Consultancy Service) माग गरेको हुँदा सोहि बमोजिम म रिट निवेदकले आशयपत्र पेश गरेकोमा म समेत ४ परामर्शदाताहरु छनौट गरी संक्षिप्त सूची तयार गरी छनौट भएका परामर्शदाताहरुबाट प्राधिकरणले मिति २०७४।११।२८ मा TERAMOCS को निमित्त Request of Proposal माग गरेको थियो। उक्त RFP मा कन्सल्टेन्ट QCBS Method द्वारा छनौट गरिने तथा RFP मा व्यवस्था गरे बमोजिमको कार्यबिधि लागु हुने, Technical Proposal को ८० तथा Financial Proposal को २० अंकभार हुने लगायतका बिभिन्न शर्तहरु निर्धारण गरिएकोमा सोहि बमोजिम माग गरिएका सम्पूर्ण कागजातहरु सहित म लगायतका अन्य तीन प्रतिस्पर्धीहरुले प्रस्ताव पेश गरेकोमा विपक्षी प्राधिकरणले मिति २०७५।०९।०३

का दिन सम्पूर्ण प्रतिस्पर्धिहरुको उपस्थितिमा प्राधिकरणको सभाहल, कमलादीमा प्राविधिक तथा आर्थिक प्रस्ताव खोलि अंकहरु समेत सुनाउँदा म रिट निवेदकले उच्चतम अंक सहित प्रथम स्थान हासिल गरेका कारण मेरो प्रस्ताव छनौट हुने सुनिश्चित भई खरिद सम्झौता मात्र हुन बाँकी रहेको अवस्थामा प्राधिकरणले कलुषित मनसाय राखी प्रचलित कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी मिति २०७६।०१।२६ मा ईमेल र मिति २०७६।०१।२९ मा Ref.N. PU075/076-5104 को पत्र मार्फत प्राधिकरणले ७० प्राप्ताङ्कलाई उत्तिर्णाङ्क मानी परामर्शदाताको मुल्याङ्कन तथा छनौट गरेका कारण प्रतिस्पर्धा सिमित हुन गएकोले प्राधिकरण छनौट प्रक्रिया रद्द गर्दछ भनी म रिट निवेदकलाई जानाकारी गराइयो। यस प्रकार खरिद प्रक्रिया नै अन्तिम चरणमा पुगी म रिट निवेदक छनौट हुने सुनिश्चित भइससकेको अवस्थामा कानुन विपरित मलाई दुःख दिई अपुरणिय क्षति पुर्याउने दुषित मनसायले खरिद प्रक्रिया नै रद्द गरी प्राधिकरणले अन्यायमा पारेको हुँदा अन्य वैकल्पिक तथा प्रभावकारी उपचारको अभावमा नेपालको संविधानको धारा १३३(२) बमोजिम प्रस्तुत रिट निवेदन लिई सम्मानीत अदालत समक्ष यस निवेदनसाथ उपस्थित भएको छु।

प्राधिकरणको मिति २०७६।०१।२९ (मे/१२,२०१९) मा भएको Ref.N. PU075/076-5104 को पत्रमा उल्लेख भए बमोजिमको TERAMOCS को खरिद प्रक्रिया रद्द गर्ने निर्णय तथा सो सम्बन्धमा भएका अन्य कुनै काम कारवाही लगायत म रिट निवेदकलाई प्रतिकुल असर पर्ने गरी भएका सम्पुर्ण यावत निर्णयलाई उत्प्रेषणको आदेशले बदर गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ बमोजिम म रिट निवेदकसँग खरिद सम्झौता सम्पन्न गर्न आवश्यक प्रक्रिया यथाशिघ्र अगाडि बढाई उक्त खरिद प्रक्रिया सम्पन्न गर्न तथा सो खरिद प्रक्रिया सम्पन्न गर्न नरोक्नु, रोक्न नदिनु भनी नेपाल दुरसञ्चार प्राधिकरण तथा अन्य सम्बन्धित निकायको नाममा परमादेशको आदेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ साथै तत्काल नयाँ खरिद प्रक्रिया शुरु गर्न नदिनु/नदिलाउनु तथा मे १२, २०१९ को पत्रमा उल्लिखित निर्णय कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) बमोजिम विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने भए आधार कारण सहित यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षीका हकमा आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेश गर्नु भनी विपक्षीका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखि म्याद सूचना पठाई म्याद भित्र लिखित जवाफ परे वा पर्ने अवधि नाघेपछी

नियमानुसार पेश गर्नु। साथै अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा यसमा ठेक्काको कारवाहीलाई स्थगन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा ५ एवम् दफा ३६ को आधारहरु पूर्णतः पुष्टी हुन नसक्ने अवस्था हुँदा यस सम्बन्धी निर्णयको गाम्भिर्यता एवम् सम्बेदनशिलता हेर्दा दुवै पक्ष राखी छलफल गर्नु उपयुक्त हुने देखिंदा हाल विपक्षी नेपाल दुरसञ्चार प्राधिकरणको मिति २०७६।०१।२६(तदनुसार मे ९, २०१९) को ईमेल र मिति २०७६।०१।२९ (तदनुसार मे १२, २०१९) को पत्र यथास्थितिमा राखि त्यस सम्बन्धी अन्य कुनै कारवाही अगाडि नबढाई छलफलको निमित्त मिति २०७६।०३।०४ गतेका दिन निर्णय र कारवाही सम्बन्धी फाइलहरु लिई आउनु भनी विपक्षीलाई म्याद सुचना जारी गरी हाजिर भए वा म्याद गुजारेपछि नियमानुसार गरी पेश गर्नु भन्ने समेत व्यहोराको मिति २०७६।०२।२७ को आदेश।

विपक्षीसँगको उपरोक्त रिट निवेदनका सम्बन्धमा यस सम्मानीत अदालतबाट अन्तरिम आदेशको छलफलका लागि मिति २०७६।०३।०४ गतेको पेशी तोकिएको मेरो नामको १५ दिने सूचना मिति २०७६।०२।२९ मा तामेल भएकोले सोहि सुचना अनुसार अन्तरिम आदेशको छलफलका लागि उपस्थित भएको छु भन्ने बेहोराको विपक्षी दुरसञ्चार प्राधिकरणको तर्फबाट मिति २०७६।०३।०४ मा अदालतमा पेश भएको निवेदन।

नेपाल दुरसञ्चार प्राधिकरण दुरसञ्चार ऐन, २०५३ ले प्रदान गरेको भुमिका अन्तरगत रहि मोबाइल, टेलिफोन, इन्टरनेट सेवा प्रदायकहरुको क्रियाकलापलाई अनुगमन, नियमन तथा उपभोक्ताको हकहितको संरक्षणको लागि त्यस्ता सेवा प्रदायकहरुलाई समय समयमा निर्देशन दिने कार्य गर्दै आइरहेको सँस्था हो। मोबाइल सेवाको बढ्दो उपयोगसँगै दुरसञ्चार क्षेत्रले देशको राजस्वमा समेत उल्लेखनीय योगदान गर्दै आइरहेको छ। मोबाइल सेवा प्रदायकहरुले नेपाल सरकार तथा प्राधिकरणको ग्रामिण दुरसञ्चार कोषमा बुझाउने रकमहरु सेवा प्रदायकहरुले पेश गर्ने कुल आम्दानीको महत्वपूर्ण हिस्सा Call Traffic Volume हो। प्राधिकरणले सेवा प्रदायकहरुले पेश गरेको Call Traffic Volume को आधारमा भएको बिलिङलाई नै आधिकारिक मान्दै आउँदा राजस्व छली हुन सक्ने भएकोले सेवा प्रदायकहरुले पेश गर्ने Call Traffic Detail लाई मापन तथा अनुगमन गर्ने प्रणाली "The Design, Development, Supply, Installation of Hardware and Software and Providing Operation and Management of International Telecommunications Traffic Monitoring/ Measurement and Anti Fraud System" (TERAMOCS) को खरिद सम्बन्धमा प्राधिकरणले मिति २०७४।०६।२० मा सूचना प्रकाशित गरी EOI (Expression of Interest) माग गरेको थियो। यो प्रणाली सेवा प्रदायकहरुको Real Time Data on Local and International Traffic लाई हेर्ने प्रणाली हो। नेपाल धेरै अन्तराष्ट्रिय कल आउने मुलुक भएकोले VOIP Call Bypass जस्ता अपराधहरु समेत हुने गरेका कारण यस्ता

समस्याहरुको अनुगमन गरी न्यूनिकरण गर्ने उद्देश्यले Call Audit प्रणाली स्थापना गर्न TERAMOCS सम्बन्धी कार्य गर्ने योजना प्राधिकरणबाट अघि सारिएको थियो। सोहि बमोजिमको कार्य गर्नको लागि प्राधिकरणबाट EOI को मूल्याङ्कन मापदण्डको लागि यसको पहिलो खण्डमा न्युनतम ५० अंक प्राप्त गर्नु पर्ने उल्लेख गरेको भएतापनि यसको दोस्रो खण्डमा उल्लेख भए अनुसार प्राप्त भएका सबै प्रस्तावहरुलाई ७० प्रतिशतमा मूल्याङ्कन गरिएको थियो।

नेपाल दुरसञ्चार प्राधिकरणले निवेदकले भने जस्तै कलुषित मनसाय नराखी उक्त प्रस्ताव खोलेकै दिन अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७५।९।३ मा प्राप्त च.न. ९६० को पत्र, मिति २०७५।१२।३ मा प्राप्त च.न. १५५१ को पत्र तथा मिति २०७५।१२।१२ मा प्राप्त च.न. १६०२ को पत्र एवम् मिति २०७६।१।१७ मा बिज्ञद्वारा प्राप्त प्रतिवेदन अनुसार नेपाल दुरसञ्चार प्राधिकरणले खरिद प्रक्रिया रद्द गरेको हो। प्राधिकरणले मिति २०७४।६।२० मा प्रकासन गरेको सूचनामा सम्पूर्ण खरिद प्रक्रियालाई स्थगन गर्न सक्ने अधिकार प्राधिकरणमा रहेको भनी उल्लेख गरेको छ। प्राधिकरणले निवेदकको मात्र प्रस्ताव रद्द गरेको नभई तत् सम्बन्धी सम्पूर्ण प्रक्रिया नै रद्द गरेको हो। उक्त खरिद प्रक्रया पुनः आव्हान गरिएमा रिट निवेदक बोलपत्रमा पुन सहभागी हुन पाउने नै छन। प्राधिकरणले TERAMOCS खरिद गर्न राखेको उक्त प्रस्तावले करारको रुप नै ग्रहण गरेको अवस्था छैन। करार नै भइनसकेको अवस्थाको बोलपत्र प्रस्तावकर्ताले जतिवेला पनि फिर्ता लिन पाउने हुन्छ। साथै करारको रुप नै धारण नगरेको प्रस्ताव उपर आसाधारण अधिकारक्षेत्र मार्फत अदालत प्रवेश गर्न पाउने होइन।

प्राधिकरणबाट खरिद कारवाही सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझेमा बोलपत्रदाताले उक्त निर्णय उपर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) अनुसार सार्वजनिक निकायको प्रमुख समक्ष पुनरावलोकनको लागि निवेदन दिन पाउने र उक्त निर्णय उपर पनि चित्त नबुझेमा ऐ. ऐनको दफा ४९(क) बमोजिम पुनरावलोकन समिति समक्ष निवेदन दिन पाउने वैकल्पिक कानुनी उपचारको व्यवस्था हुँदा हुँदै निवेदक असाधारण अधिकार क्षेत्र मार्फत अदालत आएको हुँदा प्रस्तुत निवेदन खारेज भागी छ खारेज गरि पाउँ भन्ने समेत बेहोराको विपक्षी नेपाल दुरसञ्चार प्राधिकरणको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

यसमा विवादमा उठाईएका कानूनी प्रश्नहरु अन्तिम सुनुवाईका अवस्थामा निरुपण गर्नु मनासिव हुने प्रकृतिको देखिएको हुँदा तथा यस विवादको निरुपण छिटो छरितो रुपमा हुनु आवश्यक देखिँदा यस विवादको सुनुवाईलाई अग्राधिकार प्रदान गरी मिति २०७६।५।२३ गते नियमानुसार गरी पेश गर्नू भन्ने मिति २०७६।०५।१० को आदेश।

यसमा प्रस्तुत मुद्दासँग सम्बन्धित खरिद कारवाही सम्बन्धी सक्कल निर्णय फाईल नेपाल दुरसञ्चार प्राधिकरणबाट झिकाई आएपछि नियमानुसार पेश गर्नू भन्ने मिति २०७७।०३।२३ को आदेश।

## ठहर खण्ड

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत रिट निवेदनमा रिट निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री विजयकान्त मैनाली र श्री श्यामप्रसाद पाण्डे तथा विद्वान अधिवक्ता श्री पुष्पराज पौडेल र निवेदक विद्वान अधिवक्ता श्री कैलाश पाण्डेले नेपाल दुरसञ्चार प्राधिकरणले TERAMOCS का लागि परामर्शदाता आवश्यक भएको भनी मिति २०७४।०६।२० मा खुल्ला रुपमा सार्वजनिक सूचना मार्फत अन्तराष्ट्रिय स्तरमा आशयपत्र माग गरेकोमा म रिट निवेदक सहित अन्य तीन परामर्शदाताहरु छनौट गरी संक्षिप्त सूची तयार गरीएको थियो। यसरी छनौट भएका परामर्शदाताहरुबाट प्राधिकरणले मिति २०७४।११।२८ मा TERAMOCS को निमित्त Request of Proposal माग गरेको थियो। उक्त RFP मा कन्सल्टेन्ट QCBS Method द्वारा छनौट गरिने तथा RFP मा व्यवस्था गरे बमोजिमको कार्यबिधि लागु हुने भनी मूल्याङ्कनका शर्तहरु निर्धारण गरिएको थियो। सोहि बमोजिम म लगायतका अन्य तीन प्रतिस्पर्धीहरुले पेश गरेको प्रस्तावलाई विपक्षी प्राधिकरणले मिति २०७५।०९।०३ का दिन सम्पूर्ण प्रतिस्पर्धीहरुको उपस्थितिमा प्राधिकरणको सभाहल, कमलादीमा प्राविधिक तथा आर्थिक प्रस्ताव खोलि अंकहरु समेत सुनाउँदा म रिट निवेदकले उच्चतम अंक सहित प्रथम स्थान हासिल गरी मेरो प्रस्ताव छनौट हुने सुनिश्चित भएको र सो सम्बन्धी खरिद सम्झौता मात्र हुन बाँकी रहेको अवस्थामा प्राधिकरणले मिति २०७६।०१।२६ मा ईमेल र मिति २०७६।०१।२९ मा Ref.N. PU075/076-5104 को पत्र मार्फत सुचना गरी ७० प्राप्ताङ्कलाई उत्तिर्णाङ्क मानी परामर्शदाताको मुल्याङ्कन तथा छनौट गरेका कारण प्रतिस्पर्धा सिमित हुन गएकोले प्राधिकरण छनौट प्रक्रिया रद्द गर्दछ भनी म रिट निवेदकलाई जानाकारी गराएको थियो। यस प्रकार खरिद प्रक्रिया नै अन्तिम चरणमा पुगी म रिट निवेदक छनौट हुने सुनिश्चित भइससकेको अवस्थामा कानुन विपरित मलाई दुःख दिई अपुरणिय क्षति पुर्याउने दुषित मनसायले खरिद प्रक्रिया नै रद्द गरी प्राधिकरणले अन्यायमा पारेको हुँदा अन्य वैकल्पिक तथा प्रभावकारी उपचारको अभावमा प्रस्तुत रिट निवेदन लिई सम्मानीत अदालत समक्ष यस निवेदनसाथ उपस्थित भएको छु।तसर्थ प्राधिकरणको मिति २०७६।०१।२९ मा खरिद प्रक्रिया रद्द गर्ने गरी गरेको निर्णय तथा सो सम्बन्धमा भएका अन्य कुनै काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ३८ बमोजिम म रिट निवेदकसँग खरिद सम्झौता सम्पन्न गर्न आवश्यक

प्रक्रिया यथाशिघ्र अगाडि बढाउनु, पहिले भएको खरिद प्रक्रिया सम्पन्न गर्न नरोक्नु, रोक्न नदिनु भनी विपक्षी निकायहरुको नाममा परमादेशको आदेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पाउँ साथै तत्काल नयाँ खरिद प्रक्रिया शुरु गर्न नदिनु/नदिलाउनु तथा मे १२, २०१९ को पत्रमा उल्लिखित निर्णय कार्यान्वयन नगर्नु नगराउनु, यथास्थितिमा राखु भनी विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल दुरसञ्चार प्राधिकरणको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री तुलसी भट्ट तथा विद्वान अधिवक्ताहरु श्री रेवतीराम पन्थ, श्री केदारप्रसाद कोइराला र श्री दिनेशराज सत्याललले नेपाल धेरै अन्तराष्ट्रिय कल आउने मुलुक भएकोले VOIP Call Bypass जस्ता अपराधहरु समेत हुने गरेका कारण यस्ता समस्याहरुको अनुगमन गरी न्यूनिकरण गर्ने उद्देश्यले Call Audit प्रणाली स्थापना गर्न TERAMOCS सम्बन्धी कार्य गर्ने योजना प्राधिकरणबाट अघि सारिएको थियो। सोहि बमोजिमको कार्य गर्नको लागि प्राधिकरणबाट EOI को मूल्याङ्कन मापदण्डको लागि यसको पहिलो खण्डमा न्युनतम ५० अंक प्राप्त गर्नु पर्ने उल्लेख गरेको भएतापनि यसको दोस्रो खण्डमा उल्लेख भए अनुसार प्राप्त भएका सबै प्रस्तावहरुलाई ७० प्रतिशतमा मूल्याङ्कन गरिएको थियो। नेपाल दुरसञ्चार प्राधिकरणले निवेदकले भने जस्तै कलुषित मनसाय नराखी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बिभिन्न मितिमा प्राप्त पत्र एवम् निर्देशनहरु तथा मिति २०७६।१।१७ मा बिज्ञद्वारा प्राप्त प्रतिवेदन अनुसार नेपाल दुरसञ्चार प्राधिकरणले खरिद प्रक्रिया रद्द गरेको हो। प्राधिकरणले मिति २०७४।६।२० मा प्रकाशन गरेको सूचनामा सम्पूर्ण खरिद प्रक्रियालाई स्थगन गर्न सक्ने अधिकार प्राधिकरणमा रहेको भनी उल्लेख गरेको छ।प्राधिकरणले निवेदकको मात्र प्रस्ताव रद्द गरेको नभई तत् सम्बन्धी सम्पूर्ण प्रक्रिया नै रद्द गरेको हो। प्राधिकरणले TERAMOCS खरिद गर्न राखेको उक्त प्रस्तावले करारको रुप नै ग्रहण गरेको अवस्था छैन। करार नै भई नसकेको अवस्थाको बोलपत्र प्रस्तावकर्ताले जतिवेला पनि फिर्ता लिन पाउने हुन्छ। साथै करारको रुप नै धारण नगरेको प्रस्ताव उपर असाधारण अधिकारक्षेत्र मार्फत अदालत प्रवेश गर्न पाउने होइन। प्राधिकरणबाट खरिद कारवाही सम्बन्धमा भएको निर्णयउपर चित्त नबुझेमा बोलपत्रदाताले उक्त निर्णयउपर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) अनुसार सार्वजनिक निकायको प्रमुख समक्ष पुनरावलोकनको लागि निवेदन दिन पाउने र उक्त निर्णयउपर पनि चित्त नबुझेमा ऐ. ऐनको दफा ४९(क) बमोजिम पुनरावलोकन समिति समक्ष निवेदन दिन पाउने वैकल्पिक कानुनी उपचारको व्यवस्था हुँदा हुँदै निवेदक असाधारण अधिकार क्षेत्र मार्फत अदालत आएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस प्रस्तुत गर्नु भयो।

दुवै तर्फका विद्वान कानून व्यवसायीहरुको उपरोक्त बहस जिकिर सुनी दुवैतर्फबाट पेश भएको लिखित बहसनोट सहितको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत विवादको सन्दर्भमा मुलतः देहायका सवालहरु निरुपणयोग्य विषयका रुपमा रहेका देखिन्छन्।

- वस्तु वा सेवा खरिद सम्झौता गर्दा अवलम्बन गरिने कानुनी व्यवस्थाहरु के कस्ता रहेका छन?
- के कस्ता अवस्थामा सार्वजनिक भइसकेका वोलपत्र वा खरिद सम्झौता रद्द गर्नुपर्ने परिस्थिति हुन सक्छ?
- वोलपत्र वा खरिद सम्झौता रद्द गर्ने कानुनी आधार ऐनको प्रस्तावनाको आधार उल्लेखन मात्र प्रयाप्त हुन्छ वा हुदैन?
- प्रभावकारी वैकल्पिक उपचारको मार्ग प्रस्तुत मुद्दामा रहे भएको मान्न मिल्छ वा मिल्दैन?
- प्रतिज्ञायुक्त बिवन्धन(Promissiory Estoppel) एवम् वैधानिक अपेक्षा (Legitimate Expectation) को सिद्वान्त प्रस्तुत विवादमा आकर्षित हुन्छ वा हुदैन?
- वोलपत्र वा खरिद सम्झौता सम्बन्धमा सर्वोच्च अदालतले गरेका पूर्व व्याख्याहरु के कस्ता रहेका छन?
- प्रस्तुत मुद्दामा रिट निवेदकको माग बमोजिम रिट जारी हुनुपर्ने अवस्था छ वा छैन?

नेपाल दुरसञ्चार प्राधिकरणले मोबाइल, टेलिफोन, इन्टरनेट सेवा प्रदायकहरुको क्रियाकलापलाई अनुगमन, नियमन तथा उपभोक्ताको हकहितको संरक्षणको लागि भनी सेवा प्रदायकहरुले पेश गर्ने Call Traffic Detail लाई मापन तथा अनुगमन गर्ने प्रणाली "The Design, Development, Supply, Installation of Hardware and Software and Providing Operation and Management of International Telecommunications Traffic Monitoring/ Measurement and Anti Fraud System" (TERAMOCS) को खरिद सम्बन्धमा मिति २०७४।०६।२० मा खुल्ला रुपमा सार्वजनिक सूचना मार्फत अन्तराष्ट्रिय स्तरमा आशयपत्र EOI (Expression of Interest for Consultancy Service) माग गरेको र यसरी माग भए बमोजिम पेश भएका आशयपत्रहरु मध्येबाट म रिट निवेदक सहित चार जना परामर्शदाताहरुको संक्षिप्त सूची तयार गरी नेपाल दुर सञ्चार प्राधिकरणले उक्त संक्षिप्त सुचीमा परेका परामर्शदाताहरुबाट मिति २०७४।११।२८ मा TERAMOCS को लागि Request of Proposal माग गरेको थियो।प्रस्तावहरुको छनौट QCBS विधिबाट गरिने, प्रस्ताव आह्वान गर्दा उल्लेख भएका शर्तहरु लागू हुने साथै Technical Proposal को ८० तथा Financial Proposal को २० अंकभार हुने लगायतका बिभिन्न शर्तहरु निर्धारण गरिएको थियो। तोकिएको शर्तको अधिनमा रहि म रिट निवेदक लगायतका अन्य तीन

प्रतिस्पर्धी परामर्शदाताहरुले प्राधिकरणमा प्रस्ताव पेश गरेको र सम्पूर्ण प्रतिस्पर्धीहरुको उपस्थितिमा प्राप्त प्रस्तावहरु प्राधिकरणले मिति २०७५।९।३ गते प्राधिकरण कै शभाहल कमलादीमा खोली परामर्शदाताहरुले प्राप्त गरेको अंक समेत सबैलाई सुनाउँदा म रिट निवेदकले प्राप्त गरेको अंक अरु परामर्शदाताहरुको भन्दा उच्च रहेको अवस्थामा प्रस्तावको सम्पूर्ण कार्य सकि खरिद सम्झौता गर्नुपर्ने अन्तिम समयमा मिति २०७६।१।२६ मा ईमेल र मिति २०७६।१।२९ मा Ref.N. PU075/076-5104 को पत्र मार्फत प्राधिकरणले ७० प्राप्ताङ्कलाई उत्तिर्णाङ्क मानी परामर्शदाताको मुल्याङ्कन तथा छनौट गरेका कारण प्रतिस्पर्धा सिमित हुन गएको भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बिभिन्न मितिको पत्र निर्देशन तथा मिति २०७६।१।१७ मा प्राप्त बिज्ञको प्रतिवेदनको आधारमा प्राधिकरण छनौट प्रक्रिया रद्द गर्दछ भनी म रिट निवेदकलाई प्राधिकरणले गराएको जानकारीले म रिट निवेदकलाई अपुरणीय क्षती भएको छ। तसर्थ प्राधिकरणको मिति २०७६।१।२९ को खरिद प्रक्रिया रद्द गर्ने निर्णय उत्प्रेषणको आदेशले बदर गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम म रिट निवेदकसँग खरिद सम्झौता गर्नु गराउनु भनी परमादेशको आदेश जारी गरी पाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको देखिन्छ।

नेपाल धेरै अन्तराष्ट्रिय कल आउने मुलुक भएकोले VOIP Call Bypass जस्ता अपराधहरु समेत हुने गरेका कारण यस्ता समस्याहरुको अनुगमन गरी न्यूनिकरण गर्ने उद्देश्यले Call Audit प्रणाली स्थापना गर्न TERAMOCS सम्बन्धी कार्य गर्ने योजना प्राधिकरणबाट अघि सारिएको थियो। त्यसैले सोहि बमोजिमको कार्य गर्नको लागि प्राधिकरणबाट सक्षिप्त सूचीमा रहेका परामर्शदाताहरुबाट परामर्श सेवाका लागि प्रस्ताव माग गरिएको थियो। प्रस्तावहरुको मूल्याङ्कन कार्यविधि समेत तोकिएको थियो। नेपाल दुरसञ्चार प्राधिकरणले निवेदकले भने जस्तै कलुषित मनसाय राखी खरिद प्रक्रिया रद्द गरेको नभई अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट बिभिन्न मितिमा प्राप्त पत्र एवम् निर्देशनहरु तथा मिति २०७६।१।१७ मा बिज्ञद्वारा प्राप्त प्रतिवेदनका आधारमा उक्त खरिद प्रक्रिया रद्द गरिएको हो। प्राधिकरणबाट भएको काम कारवाही सम्बन्धमा चित्त नबुझेमा खरिद कारवाही उपर सार्वजनिक खरिद ऐन, २०६३ दफा ४७ अनुसार सार्वजनिक निकायको प्रमुख समक्ष र ऐ. ऐनको दफा ४९ बमोजिम निर्णयको पुनरावलोकनको लागि पुनरावलोकन समिति समक्ष निवेदन दिनुपर्नेमा सो नगरी अदालत प्रवेश गरेकोले प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भन्ने समेत व्यहोराको लिखित जवाफ रहेको देखिन्छ।

नेपाल दुरसञ्चार ऐन, २०५३ ले प्रदान गरेको भूमिका अन्तर्गत रही दुरसञ्चार सेवाप्रदायकहरुको क्रियाकलापलाई अनुगमन, नियमन गरी सम्पूर्ण उपभोक्ताको हकहितको

संरक्षण गर्ने उद्देश्य एवम् सेवा प्रदायक संस्थाहरुबाट हुन सक्ने राजस्व छलीलाई न्युनीकरण गर्नका लागि भनी मिति २०७४।६।२० गते सेवा प्रदायकहरुले पेश गर्ने Call Traffic Detail लाई मापन तथा अनुगमन गर्ने प्रणाली "The Design, Development, Supply, Installation of Hardware and Software and Providing Operation and Management of International Telecommunications Traffic Monitoring/ Measurement and Anti Fraud System" (TERAMOCS) को खरिद सम्बन्धमा खुल्ला रुपमा सार्वजनिक सूचना मार्फत अन्तराष्ट्रिय स्तरमा आशयपत्र EOI (Expression of Interest for Consultancy Service) माग गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा ५ मा **"उपदफा (१) वा (३) बमोजिम पर्न आएका आशयपत्रदाताको योग्यता, अनुभव र क्षमता समेत मूल्यॉंकन गरी सार्वजनिक निकायले त्यस्तो परामर्श सेवा दिन सक्ने साधारणतया तीन देखि छ आशयपत्रदाताको तोकिए बमोजिम छनौट गरी संक्षिप्त सूची तयार गर्नुपर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ। यसरी आशयपत्र पेश गर्ने परामर्शदाताहरुको योग्यता, अनुभव र क्षमता समेत मूल्यॉंकन गरी तीन देखि छ आशय पत्रदाताहरुको संक्षिप्त सुचि तयार गर्नुपर्ने कानुनी व्यवस्था बमोजिम नेपाल दुरसंचार प्राधिकरणले प्राधिकरणलाई आवश्यक पर्ने परामर्श सेवाको लागि भनी आशयपत्र माग गरेको र प्राधिकरणको सूचना अनुसार आशयपत्र पेश गर्ने परामर्शदाताहरुबाट कानूनमा तोकिए बमोजिमका शर्तहरुको अधिनमा रही चार जना परामर्शदाताहरु 1. Vanrise Solutions S.A.L Beirut, Lebanon, 2. SGS S.A., Geneva and GVG S.A., Seychelles 3. NSoft Limited, Hongkong 4. TKC Telecom Inc. Montreal, Canda लाई छनौट गरी संक्षिप्त सूची तयार गरेको मिसिल कागजहरुबाट देखिन्छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को उपदफा ६ मा **"तोकिएको रकम भन्दा कम रकमको परामर्श सेवा खरिद गर्नुपर्दा सार्वजनिक निकायले तोकिए बमोजिमको प्रक्रिया पुरा गरी त्यस्तो परामर्श सेवा दिन सक्ने व्यक्ति, फर्म, सँस्था वा कम्पनीको सूची तयार गर्न सक्नेछ र सोही सूचीमा समावेश भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीहरु मध्येबाट तोकिए बमोजिमको प्रक्रिया पुरा गरी दफा ३१ बमोजिम प्रस्ताव माग गर्नु पर्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत मुद्दामा पनि नेपाल दुरसंचार प्राधिकरणले संक्षिप्त सूचीमा छनौट भएको चार वटा परामर्शदाताहरुबाट नै TERAMOCS सेवा खरिदको लागि प्रस्ताव माग गरेको देखिन्छ। जुन प्रकृया कानुन सम्मत नै रहेको देखिन्छ।

नेपाल दुरसंचार प्राधिकरणले प्रस्ताव माग गर्दा कानूनमा तोकिए बमोजिमको ३० दिनको समयावधि पनि दिएको, कुन र कस्तो प्रकारको परामर्श सेवा आवश्यक परेको हो सो समेत खुलाई बोलपत्र आह्वान गरेको मिसिल सामेल रहेका कागज प्रमाणहरु र दुवै पक्षले पेश गरेको लिखतहरुबाट देखिन्छ। साथै प्राधिकरणले माग गरे अनुसार र तोकेको शर्तको अधिनमा रही प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावहरु चारै वटा परामर्शदाताहरुबाट प्राधिकरणमा पेश गरेको

देखिन्छ। यसरी प्राप्त हुन आएका सिलबन्दी बोलपत्र प्रस्तावहरु प्राधिकरणले तोके बमोजिमका शर्तहरुको अधिनमा रही QCBS Method द्वारा छनौट गर्ने प्रयोजनका लागि भनी प्राधिकरणको सभाहल कमलादीमा सम्पूर्ण बोलपत्रदाताहरुको उपस्थितिमा मिति २०७५।०९।०३ मा प्रस्तावहरु खोलिएको र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३३ अनुसार प्राविधिक प्रस्ताव र ऐ. ऐनको दफा ३४ र ३५ अनुसार आर्थिक प्रस्ताव खोलि तोकिएको मूल्याँकनको शर्त QCBS Method अनुसार मूल्याँकन समेत गरि दुवै प्रस्तावमा प्राप्त प्राप्ताङ्क समेत जोड गरी एकमुष्ट प्राप्ताङ्कमा चारजना परामर्शदाताहरुमध्ये Vanrise Solutions S.A.L. Beirut Lebanon प्रथम भएको भनी सबै परामर्शदाताहरुलाई जानकारी गराएको अवस्थालाई प्रस्तुत मुद्दाका दुवै पक्ष स्वीकार रहेको समेत देखिन्छ। यसरी प्राप्त सबै प्रस्ताव खोली उच्च अंक प्राप्त गर्ने परामर्शदाता समेत छनौट भइसकेको अवस्थामा कानूनले तोके अनुसार खरिद सम्बन्धी अन्य प्रक्रिया अगाडि बढाउनुपर्नेमा नेपाल दुरसंचार प्राधिकरणले मिति २०७६।१।२६ (तदनुसार मे/९,२०१९) मा इमेल र मिति २०७६।१।२९ (तदनुसार मे/१२,२०१९) मा Ref.N. Puo75/76-5104 को पत्र मार्फत खरिद प्रक्रिया रद्द गरेको भनि जानकारी गराएको मिसिल सामेल कागजातबाट देखिन्छ।

सार्वजनिक खरिद ऐन,२०६३ ले तोकेका शर्तहरुको अधिनमा रहेर बोलपत्र माग गर्ने, बोलपत्रको प्रस्ताव पेश गर्नको लागि कानूनले तोकेको मापदण्ड अनुसार प्रतिस्पर्धाका लागि समेत तीन देखि छ परामर्शदाताहरु हुनुपर्ने भनेकोमा प्रस्तुत मुद्दामा चार जना परामर्शदाताहरु संक्षिप्त सूचीमा परी चारैजना परामर्शदाताहरुबाट प्रस्तावहरु पेश भएको देखिँदा कानूनबमोजिम बोलपत्र प्रस्तावको माग गर्ने, परामर्शदाताहरुबाट बोलपत्र पेश गर्ने एवम् उक्त बोलपत्र प्रस्तावहरुको मूल्याङ्कनको कार्य पूर्णरुपमा प्रतिस्पर्धात्मक एवम् रितपूर्वक नै भएको देखिन्छ। रितपूर्वक आह्वान गरिएको बोलपत्र आधारभूत कारण र अवस्था विना रद्द गर्न सकिने अवस्था हुदैन्। बोलपत्र रद्द गर्नुपर्दा मनासिव र उचित कानूनी आधार देखाउनुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दामा रितपूर्वक बोलपत्र आह्वान गरी बोलपत्र खोली कुन पक्षले बोलपत्र पाउने हो लगभग निर्क्योल भइसकेपछि उक्त बोलपत्र रद्द भएको देखिन्छ।

नेपाल दुरसंचार प्राधिकरणले बोलपत्र खोलिसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७५।९।३ च.नं. ९६०, मिति २०७५।१२।३ च.नं. १५५१ को पत्र तथा मिति २०७६।१।१७ मा प्राप्त विज्ञको राय प्रतिवेदन अनुसार खरिद प्रक्रिया रद्द गरिएको भन्ने जिकिर लिएको देखिन्छ।सो सम्बन्धमा हेर्दा कुनै सार्वजनिक संस्थाले कानून बमोजिम बोलपत्र प्रस्ताव माग गरी सबै प्रस्ताव खोली मूल्याँकन गरी कुन पक्ष छनौट हुने हो भन्ने निर्क्योल भई खरिद प्रक्रियामा जानुपर्ने अवस्थामा विज्ञ नियुक्त गर्ने, विज्ञको राय लिने साथै विज्ञको प्रतिवेदन रायअनुसार खरिद प्रक्रिया रद्द गरियो भन्नु कानूनसंगत नहुनुका साथै

न्यायसंगत पनि मान्न सकिने अवस्था देखिएन। सार्वजनिक निकायले वोलपत्र संख्या पुगी वोलपत्र अंक सार्वजनिक भएपछि खरिद प्रक्रियामा प्रवेश गर्ने चरणमा आएर एक्कासी हचुवाका आधारमा सम्पूर्ण बोलपत्र रद्द गर्ने निर्णय स्वच्छ तवरबाट भएको मान्न सकिने अवस्था रहेन। साथसाथै भिन्न संवैधानिक दायित्व भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र प्रस्तुत सन्दर्भमा ग्राह्य हुने अवस्था पनि देखिन आएन। यस सम्बन्धमा **जयन्ती थापा कन्स्ट्रक्सन जे.भी. वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतको (ने.का.प. २०६८, अंक १२, नि.नं. ८७३३ को उत्प्रेषण, परमादेश) मुद्दामा मुद्दाको विवादित विषयमा अन्तरिम आदेश जारी भएपछि बोलपत्र बमोजिमको ठेक्का स्वीकृतिको लागि अन्तिम अवस्थामा पुगेका प्रक्रियागत कामहरु प्रारम्भ भई निरन्तर रहेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आदेश बमोजिम ठेक्का स्वीकृतिका लागि त्यस्तो अन्तिम अवस्थामा पुगेको बोलपत्र बिना आधार र कारण प्रक्रिया अवरुद्ध गरी रोकी पुनः टेन्डर गर्न लगाउन नमिल्ने"** भनी सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको देखिन्छ।

प्रस्ताव आह्वान गर्ने पक्षले प्रस्ताव माग गर्ने तथा परामर्शदाताले माग गरेको शर्त अनुसार प्रस्ताव पेश गरी प्रस्तावका शर्त दुवै पक्षबीच पुरा भएमा करारको अवस्था सृजना भएको मान्नुपर्ने हुन्छ। सोही सम्बन्धमा मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद २ दफा ५०४ को उपदफा (१) मा **"दुई वा दुई भन्दा बढी व्यक्तिहरुबीच कुनै काम गर्न वा नगर्नका लागि कानून बमोजिम कार्यान्वयन गर्न सकिने कुनै सम्झौता भएमा करार मानिनेछ।"** साथै ऐ. को उपदफा (२) मा **"उपदफा (१) को प्रयोजनको लागि एक व्यक्तिले अर्को व्यक्ति समक्ष करार गर्न राखेको प्रस्तावमा त्यसरी प्रस्तावित व्यक्तिले स्वीकृति जनाएपछि करार भएको मानिनेछ"** भन्ने कानूनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा पनि नेपाल दुरसंचार प्राधिकरणले आफूलाई आवश्यक पर्ने परामर्श सेवा खरिद गर्ने प्रयोजनको लागि सक्षम र योग्य परामर्शदाताहरुसँग विभिन्न शर्त र मापदण्ड तोकि आशयपत्र माग गरेकोमा प्राधिकरणले तोकेका शर्त एवम् मापदण्डहरु उपर सहमत भई विभिन्न परामर्शदाता कम्पनीहरुले आशयपत्र पेश गरेको देखिन्छ। साथै परामर्शदाताहरुको संक्षिप्त सूची छनौट गरी प्राधिकरणलाई आवश्यक पर्ने परामर्श सेवाको लागि के कस्तो सेवा के कसरी र कहिले सम्म प्रदान गर्नुपर्ने र प्रस्तावहरुको मूल्याँकन कार्यविधि समेत तोकि अन्तराष्ट्रियस्तरमा आह्वान गरिएको प्रस्ताव उपर निवेदक परामर्शदाता लगायतका अन्य कम्पनीहरुले समेत उक्त शर्तहरुलाई स्वीकार गरी प्रस्ताव पेश गरेको देखियो। करारको सिद्धान्त अनुसार पनि कानूनी रुपमा कार्यान्वयन गर्न सकिने शर्त र बन्देजमा एक पक्षले प्रस्ताव गर्ने र उक्त प्रस्ताव उपर अर्को पक्षले प्रत्यक्ष वा अप्रत्यक्ष (Explicitly or Implicitly) रुपमा सहमती जनाएपछि करार भएको मान्नुपर्ने हुन्छ। उक्त करारलाई वैद्य करारको रुपमा लिनु पर्ने

हुन्छ। प्रस्तुत मुद्दामा पनि करारको उक्त मान्यता एवम् सिद्धान्तको परिपालना भएको देखिँदा नेपाल दुरसंचार प्राधिकरण प्रस्तावक र निवेदक Vanrise Solutions S.A.L. (offshore) लगायतका अन्य परामर्शदाता कम्पनीहरुबीच प्रस्ताव आव्हानको शर्तहरु पुरा भएको उक्त वोलपत्रको प्रकाशन तथा आशयपत्रलाई करारीय दायित्व समेतको रोहबाट हेर्न पर्ने हुन आउँछ।

यसरी दुवै पक्षबीच कानुन अनुसार कार्यान्वयन गर्न सकिने विषयमा तोकिएका शर्त र मापदण्डहरुको पालना गर्ने गरी संझौतामा तोकिएको कार्य गर्न भनि गरिएको उक्त आशयपत्रबाट पक्षले लाभ (Consideration) को अपेक्षा गर्नु स्वाभाविक देखिन्छ। करारका जुनसुकै पक्षले पनि करारको शर्त वा मापदण्डमा तात्विक परिवर्तन गर्नुपरेमा प्राकृतिक न्यायको सिद्धान्त अनुसार एक पक्षले अर्को पक्षबाट सहमती लिनुपर्ने हुन्छ। यसमा निवेदकले पेश गरेको प्रस्ताव सम्पूर्ण प्रक्रियाहरु पुरा गरी प्रस्ताव खोली अंक समेत सार्वजनिक गर्दा निवेदक कम्पनीले प्रथम स्थान हासिल गरेको देखिएको स्थितिमा उक्त कम्पनीसँग प्रस्ताव माग गर्ने नेपाल दुरसञ्चार प्राधिकरणले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३७ बमोजिम खरिद संझौता गर्नका लागि वार्तामा बोलाउने दायित्व विपक्षीको रहेको र सो सम्बन्ध निवेदकको वैध अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) अन्तरगतको आधारभुत अवस्थाको रुपमा रहेको देखिन्छ। दुवै पक्षको सहमतिमा मात्र सम्झौताका प्रावधानहरु परिवर्तन गर्न सकिनेमा नेपाल दुरसंचार प्राधिकरणले निवेदक Vanrise Solution सँग वार्ता वा कुनै पनि सहमती नै नलिई संझौताका प्रावधान विपरित हुने गरी उक्त बोलपत्रको प्रक्रिया नै रद्ध गरेको कार्य वैध अपेक्षाको सिद्धान्त (Doctrine of Legitimate Expectation) को विरुद्ध भएको देखिन्छ। त्यसै गरी सम्मानीत सर्वोच्च अदालतबाट **नेपाल आर्थिक, सास्कृतिक तथा व्यापारिक केन्द्र(नेक्ट) र हिम कन्सल्ट समेत वि. नेपाल सरकार उर्जा मन्त्रालय समेतको (ने.का.प.२०७५, अंक १ नि.नं. ९७५३ को उत्प्रेषण, परमादेश) मुद्दामा वैधानिक अपेक्षाको सिद्धान्त समेतका आधारमा विपक्षी कार्यालयले खरिद प्रक्रिया रद्द गर्ने गरी गरेको निर्णय कानुन सम्मत नहुँदा बदर भागी छ"** भनी व्याख्या गरेको पाईन्छ।

यस मुद्दासँग सान्दर्भिक्ता राख्ने सम्मानीत सर्वोच्च अदालतबाट **कान्तिपुर टेलिभिजन नेटवर्क प्रा. लि. वि. श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालय समेतको (ने.का.प. २०६३, अंक १ नि.नं. ७६३८ को उत्प्रेषण, परमादेश) मुद्दामा "प्रस्ताव स्वीकृत भएको जानकारी गराएपछि त्यही स्वीकृती र अनुमतीको आधारमा निवेदकले Network Plan बमोजिमको कार्य सम्पन्न गर्ने योजना लागु गर्दै उपकरण जडान गर्दै गएकोमा विपक्षी मन्त्रालयले दिएको अनुमती Unilaterally Void गर्न मिल्दैन। विपक्षी सूचना तथा सञ्चार मन्त्रालय Promissory Estoppel बाट वाधिने हुन्छ।सरकारले कुनै उद्योग व्यवसाय सञ्चालनको लागि कसैलाई सहमति**

**प्रदान गरी आश्वासन दिएपछि त्यही विश्वासमा परी अर्को पक्ष अगाडी बढेकोमा सरकारले पछि कुनै कारण जनाई पहिला दिएको अनुमती फिर्ता लिन सक्दैन। त्यस्तो सहमती र अनुमती सम्वन्धित निकायले पुरा गर्नुपर्ने हुन्छ"** भन्ने सिद्धान्त प्रतिपादन भएको पाईन्छ। जस अनुसार कुनै सार्वजनिक निकायले कुनै कार्य गर्नका लागि कसैलाई कुनै विषयमा आश्वासन दिन्छ र पछि त्यस्तो आश्वासनको विपरित कार्य गर्दछ भने उक्त निकाय Promissory Estoppel बाट बाधिन्छ भन्ने नै हो।

यसै सम्बन्धमा भारतीय अदालतले एक मुद्दामा गरेको निर्णयलाई सन्दर्भको रुपमा लिन सकिन्छ।यस मुद्दामा भनिएको छ कि "Where the Government had issued a notification notifying the areas where slum scheme would be introduced, however, the notification was subsequently amended, and some areas earlier included where left out. The Court held that when a notification without hearing the affected parties, it is clear violation of natural justice. The earier notitication had raised legitimate expectation in the people living in an area which has been subsequently left out and hence legitimate expectation can not be denied without a fair hearing.[1] प्रस्तुत भारतीय अदालतको मुद्दाको निर्णयाधारसँग मिल्ने अवस्थामा रहेको यस मुद्दामा पनि नेपाल दुरसंचार प्राधिकरणले निवेदक Vanrise Solutions लगायतका परामर्शदाताहरुसँग परामर्श सेवाका लागि भनि माग गरिएका प्राविधिक तथा आर्थिक प्रस्तावहरु खोली सम्झौताको एकचरण पुरा गरी खरिद प्रक्रियामा प्रवेश गर्नुपर्ने अवस्थामा आइसकेपछि सम्झौताको अर्को महत्वपूर्ण पक्ष Vanrise solutions सँग कुनै पनि छलफल वा स्वीकृति नलिई एकपक्षिय ढंगले सम्पूर्ण बोलपत्र नै रद्द गर्ने गरी गरेको मिति २०७६।०१।२९को निर्णय प्राकृतिक न्यायको सिद्धान्त समेतबाट पनि मान्य रहेको भन्न मिलेन।

सार्वजनिक निकायले बोलपत्र आह्वान गरेपछि उक्त वोलपत्र रद्द गर्नको लागि **सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) मा "सार्वजनिक निकायले देहायको अवस्थामा सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारवाही रद्ध गर्न सक्नेछ"** भनी उल्लेख गरेको देखिन्छ।

**क) कुनै पनि बोलपत्र दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम सारभुत रुपमा प्रभावग्राही नभएमा,**

**क१) दफा २७ को उपदफा ६ बमोजिमको प्रक्रिया अपनाउँदा पनि बोलपत्रदातासँग सम्झौता हुन नसकेमा,**

**ख) न्युनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्रही बोलपत्रको बोल अंक लागत अनुमान भन्दा सारभुत रुपमा बढी भएमा, वा**

[1] The scheduled caste and weaker section weltare association va state of Karnataka (1991)2 Scc 604

ग) **माग गरिएको मालसमान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा आवश्यक नभएमा।**

उक्त कानुनी व्यवस्थाको रोहबाट हेर्दा समेत प्रस्तुत मुद्दामा बोलपत्रदाता कानुन बमोजिम योग्य नै रहेका, पेस गर्नुपर्ने सम्पूर्ण कागज प्रमाणहरु रितपूर्वक तरिकाले तोकिएकै समयमा पेश गरेका, लागत मूल्य सम्बन्धमा केहि कुनै विवाद देखिएको पांइदैन। साथै प्रस्तुत वोलपत्र सारभुत रुपमा फरक नपरेको तथा माग गरिएको परामर्श सेवा नेपाल दुरसञ्चार प्राधिकरणलाई आवश्यक नभएको भनी प्राधिकरणले तथ्यपरक रुपमा पुष्टी गर्ने आधार र कारण समेत पेश भएको मिसिल सामेल रहेका कागज प्रमाणबाट देखिंदैन।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ३६ ले गरेको प्रस्ताव अस्वीकृत गर्ने वा खरिद कारवाही रद्द गर्ने कानुनी व्यवस्थाको सम्बन्धमा हेर्दा पनि देहायको अवस्थामा मात्र सार्वजनिक निकायले सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न वा खरिद कारवाही रद्ध गर्न सक्ने अवस्था देखिन आउँछ।

**क) प्राप्त सम्पूर्ण प्रस्ताव कार्यक्षेत्रगत शर्तहरु अनुसार सारभुतरुपमा प्रभावग्राही नभएमा,**

**ख) लागत अनुमान र उपलब्ध बजेट भन्दा छनौट भएको प्रस्तावदाताको लागत सारभुत रुपमा बढी भएमा,**

**ग) परामर्श सेवा आवश्यक नपर्ने भएमा, वा**

**घ) प्रस्तावदाताले आपसमा मिलेमतो गरी प्रस्ताव दिएको प्रमाणित भएमा।**

**तर मिलेमतो नगरेका प्रस्तावदाताको प्रस्ताव उपर कारवाही गर्न सकिनेछ"**

यस कानुनी व्यवस्थाको रोहमा हेर्दा पनि विपक्षी नेपाल दुर सञ्चार प्राधिकरणले उक्त बोलपत्र रद्ध गर्दा उल्लिखित कानुनी व्यवस्थाको अनुसरण गरेको एवम् कानुनी शर्तहरु परिपूर्ति भएको पाइदैन। कानुनमा स्पष्ट रुपमा भएको व्यवस्थाको अनुशरण गरी काम कारवाही गर्नु सबै सार्वजनिक निकायको अनिवार्य दायित्व हो। कानूनमा तोकिएको जस्तो अवस्थाको विद्यमानता प्रस्तुत मुद्दामा रहे भएको मिसिल सामेल कागज प्रमाणबाट देखिँदैन। साथै सम्पूर्ण बोलपत्र प्रक्रिया रद्द गरिएको आधार स्पष्ट र वस्तुनिष्ठ ढंगले खुलाइएको पनि देखिँदैन। ऐनको स्पष्ट प्रावधान आधारभूत कारण विना समग्र ऐनको भावना विरुद्ध तथा अमुक कार्यालय वा निकायको हचुवा राय सुझाव अनुसार भनी बोलपत्र प्रक्रिया नै रद्द गर्ने गरी गरिएको प्राधिकरणको उक्त निर्णयले अन्ततोगत्वा सार्वजनिक खरिद सम्बन्धी कानूनको मार्गमा नै अनिश्चयता एवम् अविश्वासको वातावरणलाई प्रश्रय प्रदान गर्न जाने हुन्छ।

रिट निवेदक विदेशमा दर्ता रहेको कानुनी व्यक्ति भएको हुँदा निजलाई सर्वोच्च अदालतमा असाधारण क्षेत्राधिकार ग्रहण गरी निवेदन दायर गर्ने क्षेत्राधिकार छैन भनी लिएको

जिकिर सम्बन्धमा विचार गर्दा कुनै पनि विदेशी कम्पनीले नेपालको सार्वजनिक निकायले खरिद प्रक्रियाका लागि विदेशी कम्पनीहरु समेतलाई समावेश गरी माग गरेबमोजिम आशयपत्र पेश गर्न तथा उक्त आशयपत्र छनौट भई प्रस्ताव माग भए बमोजिम नेपालको सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रस्ताव पेश भई छनौट प्रक्रियामा सामेल भएपछि उसले नेपालको कानुन बमोजिम कारोवार गर्नुपर्ने तथा सझौंता अनुसार आफ्नो काम गर्दा कुनै क्षति हुन पुगेमा कानुनी उपचारको हक प्राप्त हुने नै हुन्छ। संझौता गरिसकेपछि उक्त संझौता अनुसार काम गर्न पाउने उक्त कम्पनीको कानुनी अधिकार प्रचलित नेपाल कानुनले प्रत्याभूत गरेको पाइन्छ।

कानुन निर्माताहरुले कानुन निर्माण गर्दा "Ubi jus ibi remedium" अर्थात "Where there is a right there is remedy" भन्ने Latin Legal Maxim लाई ध्यानमा राखी कानुन निर्माण गरेका हुन्छन्। जस अनुसार उपचारविनाको अधिकारको कल्पना कानुनले कहिल्यै गरेको हुदैन। साथै Declaration of the Rights of Man and of the Citizen, 1789 ले पनि व्यक्ति तथा नागरिकका लागि समान तथा अलग अलग अधिकारहरुको व्यवस्था गरेको छ। कुनै अधिकारहरु नागरिकका लागि तथा कुनै अधिकारहरु व्यक्तिले उपभोग गर्न पाउने गरी व्यवस्था गरिएको पाईन्छ। जसले कुनै व्यक्ति नागरिक भएपनि वा विदेशी नागरिक भए पनि सबैले आफुलाई प्रद्वत्त कानुनी हकको उपभोगमा अड्चन आएमा कानूनी व्यक्ती भएकै नाताले कानूनी उपचारको ढोका नै बन्द गर्नु, उपचारको बाटो नै छैन भनी बञ्चित गर्नु मनासिब देखिदैन। साथै प्रस्तुत वोलपत्र नै प्रचलित खरिद ऐन बमोजिम विदेशी कम्पनी समेत सहभागी हुन सक्ने गरी आव्हान गरिएको र वोलपत्रमा सहभागी चारै वटा कम्पनीहरु विदेशी कम्पनी रहे भएको देखिन्छ। यस सम्बन्धमा **कोरियामा दर्ता भई ८३२-२ Yuksan-dong Kangnam-ku, Seoul, Korea मा रजिष्टर्ड कार्यालय रहेको Hanil Engeeneering and Construction co.ltd वि. पुनरावेदन अदालत पाटन समेत भई दायर भएको (ने.का.प.२०७५ अंक ११ नि.नं. १०१३८ को उत्प्रेषण परमादेश) मुद्दामा सम्मानीत सर्वोच्च अदालतले विदेशमा दर्ता रहेको कम्पनीको कानुनी हकलाई स्वीकार गर्दै असाधारण अधिकार क्षेत्र मार्फत दायर गरेको रिट निवेदनलाई स्वीकार गरी मुद्दाको कारवाही चलाएको अवस्था"** देखिन्छ।

विपक्षी नेपाल दुरसंचार प्राधिकरणले निवेदक कम्पनीलाई वैकल्पिक कानुनी उपचारको बाटो अवलम्बन नगरी अदालतको असाधारण अधिकार क्षेत्र प्रयोग गरी अदालत प्रवेश गरेको भनी लिएको जिकिर सम्बन्धमा विचार गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७(१) मा **"सार्वजनिक निकायले खरिद कारवाही वा निर्णय गर्दा कुनै त्रुटी गरेमा वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्न सक्ने कारण खुलाई कुनै बोलपत्रदाता वा प्रस्तावदाताले त्यस्तो निर्णयको पुनरावलोकनको लागि सम्बन्धित सार्वजनिक निकायका प्रमुख**

**समक्ष निवेदन दिन सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्थालाई हेर्दा सार्वजनिक निकायले आह्वान गरेको बोलपत्र वा प्रस्तावको खरिद प्रक्रियामा प्रवेश गर्नुभन्दा पहिले सार्वजनिक निकायले कार्यविधिगत त्रुटी गरेमा, खरिद कार्य गर्दा अपनाउनु पर्ने सिद्धान्तको अवलम्बन नगरेमा पालना गर्नुपर्ने कर्तव्य पालना नभई क्षति पुगेमा क्षती पुग्ने बोलपत्रदाता वा प्रस्तावदाताले सार्वजनिक निकायको प्रमुखसँग निवेदन दिनुपर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। तर प्रस्तुत मुद्दामा खरिद कारवाही वा निर्णय नै नगरी सम्पूर्ण रुपमा बोलपत्र नै रद्द गर्ने गरी निर्णय गरेको देखिँदा वैकल्पिक उपचार स्पष्ट रुपमा आकर्षित हुने अवस्था देखिएन एवम् वैकल्पिक उपचारको मार्ग निवेदकको निवेदनमा उजागर तथ्यको सन्दर्भबाट प्रभावकारी उपचारको रुपमा लिन मिल्ने पनि देखिन आएन।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४९(क) मा **"दफा ४७ बमोजिम सार्वजनिक निकायसमक्ष दिएको निवेदन तोकिएको रकम भन्दा बढी रकमको खरिद कारवाहीको सम्बन्धमा भई त्यस्तो निकायका प्रमुखले सो निवेदनमा सम्बन्धमा तोकिएको अवधिभित्र निर्णय नदिएमा वा निजले दिएको निर्णयमा निवेदनकर्ताको चित्त नबुझेमा बोलपत्रदाता वा प्रस्तावदाताले पुनरावलोकनको लागि पुनरावलोकन समितिसमक्ष निवेदन दिन सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दामा विवादको विषय बढी वा घटी रकमको नभई सम्पूर्ण बोलपत्र प्रक्रिया नै प्रत्यर्थी प्राधिकरणले रद्द गरेको अवस्था भएको देखिन्छ। कुनैपनि सार्वजनिक निकायले आफूले गरेको कार्य विपरित कुनै पनि निर्णय गर्दा ठोस कानूनी आधार र सो कानूनी आधारलाई सम्पुष्टि गर्ने तथ्ययुक्त प्रमाण निर्णायिक हुन जान्छ। प्रस्तुत मुद्दामा वोलपत्र प्रकृया रद्द गर्न विपक्षी प्राधिकरणले यो वा यस कानून भनी एकिन कानुनको उल्लेखन नगरी सार्वजनिक खरिद ऐन, २०६३ को प्रस्तावनामा भर गरेको देखिन्छ।कुनै पनि ऐनको प्रस्तावना कानूनको समग्र ऐना भएतापनि खास रुपमा लागू हुने क्रियात्मक कानूनको रुपमा ग्रहण गर्न सकिने अवस्था रहन्न। अर्थात प्रस्तावना स्वयममा क्रियाशिल कानूनी व्यवस्था नभएको सन्दर्भमा ठोस कानूनको उल्लेख नगरी प्रस्तावनाको भरमा गरेको प्रस्तुत निर्णय कानुनसंगत मान्न मिल्ने देखिदैन।

प्रस्तुत वोलपत्र आव्हानमा लेवनान, क्यानडा, जेनेभा, हङकङ समेतका विदेशी कम्पनीहरुले सहभागिता जनाएको र यिनै विदेशी कम्पनीहरु मध्ये लेवनान स्थित कम्पनीको वोलपत्र छानिएको देखिन्छ।विदेश स्थित यस्ता कम्पनीलाई वोलपत्र अंक रीतपूर्वक सार्वजनिक गरी आशयपत्र समेत संप्रेषण एवम् सार्वजनिक भईसकेको अवस्थामा एकाएक आधारभूत कारणविना वोलपत्र रद्दका क्रियाकलापले वैदेशिक कम्पनीको समग्र नेपाल सरकारप्रति नै विश्वासको संकट श्रृजना हुन जाने हुन्छ।यस्तो स्थितिमा कुनै पनि विदेशी कम्पनीको नेपालका

सार्वजनिक खरिदमा विश्वास गर्न नसक्ने अवस्थाले कालान्तरमा अपूरणीय क्षति पुऱ्याउन सक्ने छ भन्ने हेक्का समेत स्वभावतः राख्नुपर्ने हुन्छ।

तसर्थ नेपाल दुरसंचार प्राधिकरणले आह्वान गरेको बोलपत्र कानून सम्मत नै रहेको, आशयपत्र माग गर्दा ऐनले तोके बमोजिमका प्रतिस्पर्धीहरु रहे भएको, प्राधिकरणले तोकेका विभिन्न शर्त र मापदण्ड निवेदक कम्पनीले पालना गरेको, बोलपत्र प्रस्ताव माग गरी सबैको उपस्थितिमा प्राविधिक तथा आर्थिक बोलपत्रहरु खोली मूल्यांँकनको कार्य समेत भईसके पछि उच्चतम अंक प्राप्त गर्ने कम्पनीसँग सार्वजनिक खरिद ऐन २०६३ को दफा ३७ अनुसार प्रस्तावदातासँग छलफल गरी ऐ. ऐनको दफा ३८ मा भएको व्यवस्था अनुसार खरिद सम्झौता गर्नुपर्नेमा सो नगरी विना आधार र कारण सम्पूर्ण खरिद प्रक्रिया नै रद्द गर्ने गरी गरेको नेपाल दुरसंचार प्राधिकरणको मिति २०७६।०१।२९(तदनुसार मे/१२, २०१९) को पत्र उत्प्रेषणको आदेशद्वारा बदर हुने र निवेदक कम्पनीसँग वोलपत्र आव्हान बमोजिमको कानुनी प्रक्रिया पुरा गरी अग्रिम खरिद प्रक्रिया सम्पन्न गर्नु गराउनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।प्रस्तुत आदेशको जानकारी विपक्षीलाई दिई दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

प्रधान न्यायाधीश

इजलास अधिकृतः सुमन पाण्डे

इतिसम्वत् २०७८ साल वैशाख १४ गते रोज ३ शुभम्.......................................।